**भारतीय राजदूतावास**

**काठमाडौं**

**प्रेस विज्ञप्ति**

**<u>भारतको ७४ औं गणतन्त्र दिवस</u>**

काठमाडौंस्थित भारतीय राजदूतावासमा २०७९ माघ १२ गते भारतको ७४ औं गणतन्त्र दिवस मनाइयो । नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरेसँगै गणतन्त्र दिवसको अवसरमा आयोजित कार्यक्रमको शुभारम्भ भयो । तत्पश्चात वहाँले कार्यक्रममा भारतका माननीय राष्ट्रपति श्रीमती द्रौपदी मुर्मूले राष्ट्रका नाममा गर्नुभएको सम्बोधन पढेर सुनाउनु भएको थियो ।

२. सम्बोधनमा माननीय राष्ट्रपति मुर्मूले विश्वव्यापी आर्थिक अनिश्चितताका बावजुद गान्धीजीको “सर्वोदय” वा “सबैको उत्थान” को आदर्शलाई हासिल गर्न भारतले आर्थिक क्षेत्रमा गरेको उत्साहजनक प्रगतिको चर्चा गनुभएको छ । साथै वहाँले जी-२० मा भारतले पाएको अध्यक्षता सिंगो विश्व र भविष्यलाई अझ राम्रो बनाउन प्रजातन्त्र र बहुपक्षीयतालाई प्रवर्धन गर्ने अवसर भएको बताउनुभएको छ ।

३. कार्यक्रममा राजदूत श्रीवास्तवले वीर नारी र मृतक सैनिकका निकटतम नातेदारलाई नेरु ४.६० करोड नगद तथा कम्बल वितरण गरी सम्मान गर्नुभयो ।

४. राजदूत श्रीवास्तवले नेपालका विभिन्न संस्थाहरुलाई पुस्तक वितरण गर्नुभयो। भारतको ७४ औं गणतन्त्र दिवसको अवसरमा दूतावासले २३ वटा संस्थालाई नेरु १६ लाख बराबरको पुस्तक उपहास्वरुप वितरण गर्दैछ। सेवानिवृत्त सैनिकहरुलाई सहयोग गर्ने आफ्नो प्रतिबद्धता दाहोऱ्याउँदै, दूतावासले नेपालमा बसोबास गरिरहेका भूतपूर्व सैनिकहरुका लागि भारत सरकारको कल्याणकारी पहलहरु समावेश गरिएको भूपू-२०२२ पत्रिकाको लोकार्पण गऱ्यो ।

५. कार्यक्रममा दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र र केन्द्रीय विद्यालय काठमाडौंका विद्यार्थीहरुले देशभक्ति गीतका साथै अन्य प्रस्तुति प्रस्तुत गरे ।

६. दूतावासको सामाजिक सञ्जाल ह्याण्डलमार्फत उक्त कार्यक्रम प्रत्यक्ष प्रसारण गरियो ।

काठमाडौं, नेपाल

२०७९ माघ १२ गते